# सोलुखुम्बु जिल्लाका स्थानीय तहका असल अभ्यास तथा अनुभव आदान प्रदान अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन

## १. पृष्ठभूमि :

जिल्ला समन्वय समितिको कार्यालय, सोलुखुम्बुको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ब.उ.शि.नं. ३६५०००१०५३, ख.शि.नं. २६४१२ अन्तर्गत क्रियाकलाप नं.१.३.५.९ कार्यक्रम खर्च (वार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको अनुभव आदान प्रदान सहित) शीर्षकमा रु. ६०००००।– (छ लाख मात्र) विनियोजन भएको छ ।

अघिल्लो आर्थिक वर्षमा सङ्घीय मामिला तथा सामानय प्रशासन मन्त्रालयद्वारा प्रदेशस्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गरेको थियो । उक्त कार्यक्रमको अनुभव र जिल्ला समन्वय समितिको भूमिकालाई समेत थप प्रभावकारी बनाउने उद्देश्यले चालु आर्थिक वर्षमा बजेट समेत व्यवस्था भई जिल्लास्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव अनुदान आदान प्रदान कार्यक्रम जिल्ला समन्वय समितिबाट हुने व्यवस्था भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को च.नं. ९ मिति २०८२।०४।०७ को पत्रबाट उक्त कार्यक्रम भाद्र मसान्तभित्र सम्पन्न गरी जानकारी पठाउन लेखी आएको छ । सो सम्बन्धमा समयमै कार्यक्रम सम्पन्न गर्न सोलुखुम्बु जिल्लाका गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख/उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सहभागितामा २०८२ भाद्र १२ गते सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरीस्थित कृषि ज्ञान केन्द्र सोलुखुम्बुको हलमा कार्यक्रम सञ्चालन गरिएको थियो।

## २. कार्यक्रमको उद्देश्य :

क) सोलुखुम्बु जिल्लाका स्थानीय तहले सम्पादन गरेका असल अभ्यासहरुको पहिचान तथा संकलन गर्नु

ख) असल अभ्यासहरुको अभिलेखिकरण तथा प्रचारप्रसार गर्नु

ग) स्थानीय तहहरु बीच सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्नु

घ) असल अभ्यासलाई प्रोत्साहन गर्नु

ङ) स्थानीय तहका लागि जिल्ला समन्वय समितिको भूमिका पहिचान गर्नु

## ३. कार्यक्रम संचालन गरिएको स्थान र मिति :

क) मिति २०८२ भाद्र १२ गते कृषि ज्ञान केन्द्रको सभाहल, सल्लेरी, सोलुखुम्बु।

## ४. कार्यक्रमको अवधि र प्रमुख विषयवस्तुहरुः

एक दिनको कार्यक्रममा जिल्ला स्थित ६ ओटा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतद्वारा बार्षिक प्रगति विवरण र असल अभ्यास प्रस्तुतिकरण सहित स्थानीय तहको अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख/ उपप्रमुखको मन्तव्य कार्यक्रम भएको थियो।

**विषयवस्तुहरुः**

i. जिल्ला स्थित स्थानीय तहको असल अभ्यास आदानप्रदान,
ii. जिल्ला समन्वय समितिको भूमिका

## कार्यक्रम सञ्चालनको रुपरेखा

| सि.नं. | समय | क्रियाकलाप | सहजीकरण/ जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | ९:००- ९:३० | नाम दर्ता/बिहानको खाजा | इ. विक्रम तामाङ, | |
| | | सहभागीहरुसँग अनौपचारिक शिष्टाचार | हिरोन राई, | |
| २. | ९:३०-११:३० | आसन ग्रहण / कार्यक्रम सञ्चालन | छविराज नाछिरिङ राई | |
| | | स्वागत मन्तव्य | सोमराज के.सी. | |
| | | कार्यक्रमको बारेमा जानकारीमूलक प्रस्तुतिकरण | चन्द्र सिंह श्रेष्ठ | |
| ३. | ११:३०-१२:०० | शुभकामना मन्तव्य (प्र.जि.अ., न.पा. उपप्रमुख, सोताङ गापा अध्यक्ष) | | |
| | | उद्घाटन सत्र समापन (प्रमुख) | | |
| | | *चिया ब्रेक* | | *१२:३० सम्म* |
| | | | | |
| | *स्थानीय तहको असल अभ्यास प्रस्तुतिकरण* | | ***Note Keeping: Bikram, Chhabiraj*** | |
| ४. | १२:३०-१३:०० | सोलुदुधकुण्ड नगरपालिका | | |
| ५. | १३:००-१३:३० | खुम्बु पासाङल्हामु गा.पा. | | |
| ६. | १३:३०-१४:०० | थुलुङ दुधकोशी गा.पा. | | |
| | *१४:००-१४:३०* | *दिउँसोको चिया/खाजा ब्रेक* | | |
| ७. | १४:३०-१५:०० | महाकुलुङ गा.पा. | | |
| ८. | १५:००-१५:३० | लिखुपिके गा.पा. | | |
| ९. | १५:३०-१६:०० | नेचासल्यान गा.पा. | | |
| १०. | १६:००-१६:३० | सोताङ गा.पा. | | |
| ११. | १६:००-१७:०० | माप्य दुधकोशी गा.पा. | | |
| १२. | १७:००-१७:३० | प्रतिनिधिमूलक मन्तव्य/ प्रतिक्रिया | | |
| १३. | १७:३०-१८:०० | कार्यक्रम समापन र धन्यवाद ज्ञापन | | |

## ५. कार्यक्रमका सहभागीहरुः

कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख श्री कृष्ण प्रसाद निरौला ज्यूले गर्नुभएको थियो भने जिल्ला समन्वय समिति सोलुखुम्बुको उपप्रमुख श्री टिकामाया मगर, सोताङ गाउँपालिका अध्यक्ष श्री खिलाराज बस्नेत, सोलुदुधकुण्ड नगरपालिकाका उपप्रमुख श्री गान्धीमाया तामाङ र सोलुखुम्बु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लिलाकुमारी के.सी. (पाण्डे) ज्यूको आतिथ्यतामा जिल्ला स्थित गाउँपालिकाका उपाध्यक्षहरु, सुरक्षा निकायका प्रमुखहरु, जिल्ला स्थित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरु, जिल्ला स्थित सरकारी निकायका प्रमुख तथा कर्मचारीहरु, सञ्चारकर्मीहरु समेत गरी कूल ५८ जनाको सहभागिता रहेको थियो।

## ६. कार्यक्रम सञ्चालनका समस्या तथा चुनौतिः

- अविरल बर्षाका कारण आवागमनमा कठिनाई भएका कारण महाकुलुङ र माप्य दुधकोशी गाउँपालिकाका सहभागी बीच बाटोबाटै फर्किएको, महालेखा परिक्षकको कार्यालयबाट गरिने अन्तिम लेखापरिक्षण भईरहेकाले विभिन्न स्थानीय तहबाट प्रमुख प्रशासकीय अधिकृत लगायतको सहभागी कम भएको थियो।

## ७. प्रमुख उपलब्धीहरु :

- जिल्ला स्थित ८ ओटा स्थानीय तहमध्ये ६ ओटा स्थानीय तहको बार्षिक प्रगति विवरण समीक्षा र असल अभ्यास प्रस्तुत भएको।
- अनुकरणीय असल अभ्यास अन्य स्थानीय तहमा कार्यान्वयनको सम्बन्धमा छलफल तथा आवश्यक समन्वयात्मक भूमिका निर्वाह।
- स्थानीय तहहरुको बार्षिक प्रगति विवरण र असल अभ्यासको सफ्ट कपी नै प्राप्त गरि फाईलिङ गरि राखिएको।
- स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु पहिचान भएको
    - कर्मचारी अभाव (अनियमित सरुवा) मा अधिक कार्यबोध भई कार्यसम्पादन गर्न कठिनाई भएको
    - शिक्षा स्वास्थ्य सडक लगायतका पूर्वाधार अभावका विकासका क्रियाकलाप अगाडि बढाउन कठिनाई भएको
    - संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाट समयमै प्राप्त नहुँदा भुक्तानीमा समस्या भएको । साथै, पहिले प्राप्त सिलिङ बमोजिम अनुदान निकासा नभई कटौती हुँदा बजेट खर्च स्रोत व्यवस्थापनमा समस्या परेको ।
    - जलवायु परिवर्तनको असरका कारण स्थानीय बाली तथा उत्पादनमा न्यूनता भएको
    - विपद तथा महामारी व्यवस्थापनमा स्थानीय तहको क्षमता अभाव देखिएको ।

- विकट भूगोल र स्रोत साधन अभावमा विकासात्मक कार्य सञ्चालन गर्न कठिनाई भएको ।

- **स्थानीय तहको तर्फबाट जिल्ला समन्वय समितिको अपेक्षा पहिचान भएकोः**
    - स्थानीय तहलाई बेरुजु फछ्र्यौट, ठेक्का व्यवस्थापन लगायत कार्यमा प्राविधिक सहयोग गर्नुपर्ने
    - स्थानीय तहका कार्यालय व्यवस्थापन, आयोजना कार्यान्वयन लगायतका कार्यमा नियमित अनुगमन गरी सुधारका लागि पृष्ठपोषण दिनुपर्ने
    - स्थानीय तहको संस्थागत प्रणाली विकास र कर्मचारीहरुको क्षमता विकासमा सहयोग गर्नुपर्ने
    - स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको भूमिका बारे समय समयमा सुसूचित गराउनुपर्ने
    - स्थानीय तहसँग जिल्ला समन्वय समितिले साझेदारीमा क्षमता विकास, जनचेतना तथा पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
    - अन्तर स्थानीय तहको साझेदारीमा कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरण गर्नुपर्ने
    - प्रदेश र संघका कानूनहरु बीच दोहोरोपना र अन्यौलता
    - वैदेशिक सहायताका कार्यक्रम सञ्चालन मोडालिटीमा द्विविधा
    - राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको विकास निर्माणको कार्यमा समस्या

- **स्थानीय तहको तर्फबाट प्रदेश सरकारसँग गरिएका अपेक्षा पहिचान भएकोः**
    - स्थानीय तहका कर्मचारीहरुको PIS दर्ता व्यवस्था मिलाउने
    - विकास निर्माण कार्यमा ढिलासुस्ती हुन नहुने
    - माग गरिएका कर्मचारीको समयमै पदपूर्ति हुनुपर्ने
    - स्थानीय तहको क्षमता विकासका लागि पर्याप्त कार्यक्रमहरु हुनुपर्ने

- **स्थानीय तहको तर्फबाट मन्त्रालयलाई गरिएको अपेक्षा पहिचान भएकोः**
    - सङ्घीय निजामती सेवा ऐन समयमै पारित हुनुपर्ने
    - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँटमा प्रभावित क्षेत्रका आधारमा वितरण हुनुपर्ने
    - बजेट अनुदानको सीमा दिइसकेपछि घट्न नहुने र समयमै निकासा हुने व्यवस्था मिलाउनुपर्ने
    - क्षमता विकास सम्बन्धी कार्यक्रम
    - कानून निर्माणमा नमूना कानून लगायत सहयोग

- जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउनुपर्ने

## ८. सुझावहरुः

- स्थानीय तहहरुको बार्षिक प्रगति समीक्षा तथा स्थानीय तहको असल अभ्यास अनुभव आदानप्रदान कार्यक्रम निरन्तर गरिनुपर्ने।
- स्थानीय तहहरुको असल अनुभव अन्य स्थानीय तहहरुमा पनि कार्यान्वयन गर्न जिल्ला समन्वय समितिले अगुवाई गर्नुपर्ने।

**प्रतिवेदक**
श्री छविराज नाछिरीङ राई

**<u>प्रतिनिधिमूलक तस्विरहरु:</u>**




ब्यानर बाचन गरी कार्यक्रम शुभारम्भ गर्नुहुँदै जिल्ला समन्वय समिति प्रमुख श्री कृष्ण प्रसाद निरौला




राष्ट्रिय गानका क्रममा सहभागीहरु




प्रजिअ लिलाकुमारी केसी पाण्डेलाई जिल्लाका स्थानीय तहको तर्फबाट स्वागत




कार्यक्रमको बारेमा प्रस्तुतिकरण गर्दै जिल्ला समन्वय अधिकारी श्री चन्द्र सिंह श्रेष्ठ





मन्तव्य राख्नुहुँदै सोताङ गाउँपालिका अध्यक्ष श्री खिलराज बस्नेत





सोलुदुधकुण्ड नगरपालिकाकोतर्फबाट असल अभ्यास तथा अनुभव सम्बन्धी प्रस्तुतिकरण गर्दै टुक्ति शेर्पा




कार्यक्रममा मन्तव्य राख्दै सोलुदुधकुण्ड नगरपालिकाका उपप्रमुख गान्धीमाया तामाङ




कार्यक्रममा शुभकामना मन्तव्य राख्दै प्रमुख जिल्ला अधिकारी लिला कुमारी केसी पाण्डे




समापन मन्तव्य राख्दै जिल्ला समन्वय समितिका प्रमुख कृष्ण प्रसाद निरौला



## ***असल अभ्यास तथा अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम***

### कार्यक्रम सञ्चालन रुप रेखा (उद्घाटन समारोह)

**१) आसन ग्रहण**

क) **अध्यक्षता** — जिल्ला समन्वय समिति, सोलुखुम्बु प्रमुख श्री कृष्ण प्रसाद निरौला

ख) **विशेष अतिथि/आसन ग्रहण** —

i. जिसस उपप्रमुख श्री टिकामाया मगर
ii. सोलुदुधकुण्ड नगरपालिका उपप्रमुख श्री गान्धीमाया तामाङ
iii. सोताङ गाउँपालिकाका अध्यक्ष श्री खिलराज बस्नेत
iv. प्रमुख जिल्ला अधिकारी श्री लिलाकुमारी के.सी. (पाण्डे)

ग) **अतिथि/आसन ग्रहण** —

i. गाउँपालिका उपाध्यक्षहरु
    i. श्री सविता राई, उपाध्यक्ष थुलुङ दुधकोशी गाउँपालिका
    ii. श्री विना राई, उपाध्यक्ष, नेचासल्यान गाउँपालिका

ii. नेपाली सेना, दुर्गा बक्स गण, सुरक्षा गुल्म सोलुखुम्बुका गुल्मपति श्री सुनिता पराजुली
iii. नेपाल प्रहरी, जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक श्री मनोजित कुँवर
iv. सशस्त्र प्रहरी बल, आश्रित गुल्म सोलुखुम्बुका सशस्त्र प्रहरी निरीक्षक टिकाराम खतिवडा
v. जिल्लास्थित नगरपालिका तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु
vi. कृषि ज्ञान केन्द्र सोलुखुम्बुका कार्यालय प्रमुख बरिष्ठ कृषि विकास अधिकृत श्री दुर्गा बहादुर तिरुवा
vii. सञ्चारकर्मी
viii. जिल्लास्थित गाउँपालिका तथा नगरपालिकाका विषयगत शाखाका प्रमुख तथा प्रतिनिधि

**२) कार्यक्रमको उद्घाटन तथा स्वागत**

**क)** कार्यक्रमका अध्यक्ष एवं जिल्ला समन्वय समितिका प्रमुखबाट ब्यानर बाचन

**ख)** सोलुखुम्बु जिल्लाका लागि नवनियुक्त प्रमुख जिल्ला अधिकारी लिला कुमारी केसी (पाण्डे)लाई औपचारिक स्वागत

**३) स्वागत मन्तव्यः** जिल्ला समन्वय समिति सदस्य श्री सोमराज केसी

**४) कार्यक्रमको उद्देश्य र संक्षिप्त जानकारी सम्बन्धी प्रस्तुतिकरणः** जिल्ला समन्वय अधिकारी श्री चन्द्र सिंह श्रेष्ठ

**५) मन्तव्य**

क) प्रमुख जिल्ला अधिकारी श्री लिला कुमारी के.सी. (पाण्डे)

ख) सोलुदूधकुण्ड नगरपालिकाका उपप्रमुख श्री गान्धीमाया तामाङ (स्थानीय तहको तर्फबाट)

**६) उद्घाटन सत्र समापन र चियापान**

**७) विषयगत प्रस्तुतिकरण**

| | | |
|---|---|---|
| सोलुदुधकुण्ड नगरपालिका | खुम्बु पासाङल्हामु गा.पा. | थुलुङ दुधकोशी गा.पा. |
| महाकुलुङ गा.पा. | लिखुपिके गा.पा. | नेचासल्यान गा.पा. |
| सोताङ गा.पा. | माप्य दुधकोशी गा.पा. | |

**८) गाउँपालिका अध्यक्ष/उपाध्यक्षहरुबाट मन्तव्य/धारणा प्रस्तुतिकरण**

**९) धन्यवाद ज्ञापन सहित कार्यक्रम समापन (कार्यक्रम पश्चात)**

क) कार्यक्रमका अध्यक्ष तथा जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख श्री कृष्ण प्रसाद निरौला

__उपस्थिति विवरण__

| क्र.सं. | नाम थर | पद | कार्यालय/संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | कृष्ण प्रसाद निरौला | प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय | |
| २. | टिकामाया मगर | उपप्रमुख | जिल्ला समन्वय समिति | |
| ३. | गान्धीमाया तामाङ | उपप्रमुख | सोलुदुधकुण्ड नगरपालिका | |
| ४. | खिलराज बस्नेत | अध्यक्ष | सोताङ गाउँपलिका | |
| ५. | लिला कुमारी केसी पाण्डे | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय सोलुखुम्बु | |
| ६. | चन्द्र सिंह श्रेष्ठ | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय | |
| ७. | सविता राई | उपाध्यक्ष | थुलुङ दुधकोशी गाउँपालिका | |
| ८. | विना राई | उपाध्यक्ष | नेचासल्यान गाउँपालिका | |
| ९. | सुनिता पुराजुली | गुल्मपति | दुर्गाविक्स गण, सुरक्षा गुल्म सल्लेरी | |
| १०. | मनोजित कुँवर | प्रनाउ | जिल्ला प्रहरी कार्यालय | |
| ११. | टिकाराम खतिवडा | सशस्त्र प्रहरी निरीक्षक | सशस्त्र प्रहरी बल, आश्रित गुल्म | |
| १२. | सोमराज केसी | सदस्य | जिल्ला समन्वय समिति | |
| १३. | नारायण निरौला | सदस्य | जिल्ला समन्वय समिति | |
| १४. | हिरामाया कामी | सदस्य | जिल्ला समन्वय समिति | |
| १५. | कमला नाछिरिङ राई | सदस्य | जिल्ला समन्वय समिति | |
| १६. | टङ्कनाथ घिमिरे | प्रप्रअ | नेचासल्यान गाउँपालिका | |
| १७. | टुक्ति शेर्पा | प्रप्रअ | सोलुदुधकुण्ड नगरपालिका | |
| १८. | प्रसन्नदीप राई | प्रप्रअ | थुलुङ दुधकोशी गाउँपालिका | |
| १९. | नागेन्द्र बस्नेत | इन्जिनियर | थुलुङ दुधकोशी गाउँपालिका | |
| २०. | श्रीध्वज राई | नि.प्रप्रअ | सोताङ गाउँपालिका | |
| २१. | राजकुमार खत्री | लेखा अधिकृत | लिखुपिके गाउँपालिका | |
| २२. | सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | खुम्बु पासाङल्हामु गाउँपालिका | |
| २३. | अरुण वस्नेत | सू प्र अ | सोताङ गाउँपालिका | |
| २४. | दिवस सुवेदी | संयोजक | लिखुपिके गाउँपालिका | |
| २५. | लक्ष्मी श्रेष्ठ | पत्रकार | सोलु एफएम | |
| २६. | डेनिस थापा मगर | नि म्यानेजर | हिमाल एफ एम | |
| | | | | |
| २७. | विक्रम तामाङ | इन्जिनियर | जिल्ला समन्वय समितिको कार्यालय | |
| २८. | लवुन राई | शाखा अधिकृत | | |
| २९. | हिरोन राई | नायब सुब्बा | | |
| ३०. | छविराज नाछिरिङ राई | खरिदार | | |
| ३१. | अजित घिसिङ | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२. | बोधराज फुयाल | | | |
| ३३. | नर बहादुर बस्नेत | | | |
| ३४. | अनुजा थुलुङ | | | |
| ३५. | दल बहादुर बस्नेत | | | |
| | | | | |
| ३६. | सुशन श्रेष्ठ | | सोताङ गाउँपालिका | |
| ३७. | च्याङ छिरिङ शेर्पा | | थुलुङ गाउँपालिका | |
| ३८. | जीवन नेपाल | | नेचासल्यान गाउँपालिका | |
| ३९. | चन्द्र कुमार नेवार | | सोलुदुधकुण्ड नगरपालिका | |
| ४०. | पेमाछिरी शेर्पा | | लिखुपिके गाउँपालिका | |
| | | | | |